# भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिका बैठकका निर्णयहरु सार्वजनिक ।

**मिति २०८१/०४/२९ गतेको गाउँ कार्यपालिकाको १ औं बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | |
| २. | आगामी आ.व. २०८१/०८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजना छनौट सम्बन्धमा । | |
| ३. | जनता मा.वि. रुम विद्यालय व्यवस्थापन समिति गठन । | |
| ४. | विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि निर्माण सम्बन्धमा । | |
| ५. | कार्यालय सहयोगी पदपूर्ति सम्बन्धमा । | |
| ६. | असहाय एकल महिलालाई सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८१ माथि छलफल तथा स्वीकृत सम्बन्धमा । | |
| ७. | लक्षित वर्ग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ माथि छलफल तथा स्वीकृत सम्बन्धमा । | |
| ८. | मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि, २०८१ छलफल तथा स्वीकृत सम्बन्धमा । | |
| ९. | घरभाडा सुविधा सम्बन्धमा । | |
| १०. | सरस्वती आ.वि. सिडार भवन निर्माण सम्बन्धमा । | |
| ११. | गत आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा तथा चालु आ.व. २०८१/०८२ को आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | |
| १२. | शिवमन्दिर अक्ष कोष स्थापनार्थ महायज्ञको लागि आर्थिक सहायता सम्बन्धमा । | |
| १३. | गाउँ कार्यपालिका बैठक प्रस्ताव पेश तथा निर्णय सम्बन्धमा । | |

**मिति २०८१/०४/२९ गतेको गाउँ कार्यपालिकाको पहिलो बैठकबाट भएका निर्णयहरुः**

१. यस गाउँ कार्यपालिकाबाट अघिल्ला बैठकमा भएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

२. चालु आ.व. २०८१/०८२ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रमका आयोजना देहाय बमोजिम छनौट गर्ने ।

**तपसिलः**

| क्र.सं. | आयोजनाको नाम | स्थान | रकम |
|---|---|---|---|
| १. | वडा कार्यालय फिल्ड मर्मत तथा घेरवार | वडा नं. १ | ६७५०००। |
| २. | सिडार र ढाँणगाउँ खोप केन्द्र भवन निर्माण | वडा नं. २ | ६७५०००। |
| ३. | गर्खा पुग्याँ र रातामाटा खोप केन्द्र भवन निर्माण | वडा नं. ३ | ६७५०००। |
| ४. | न्याउली पाल्त रुमी हुँदै मेहेलतोली सडक निर्माण | वडा नं. ४ | ६७५०००। |

| क्र.सं. | आयोजनाको नाम | स्थान | रकम |
|---|---|---|---|
| ५. | साकुतडा टाटा पान्तोला मेली थानटाकुरी गोरेटो बाटो निर्माण | वडा नं. ५ | ४०००००। |
| ६. | वडा कार्यालय मेशिनरी वाल निर्माण | वडा नं. ५ | ३९३३३३। |
| ७. | परी कुइया चौतारा काप्रा सिंचाई पोखरी निर्माण | वडा नं. ६ | ७९३३३३। |
| ८. | खालीडाँडा भिरबाटी सडक निर्माण | वडा नं. ७ | ४०००००। |
| ९. | गाइ आवत सिंचाई पोखरी निर्माण | वडा नं. ७ | ३९३३३४। |

३. श्री जनता माध्यामिक विद्यालय रुममा मिति २०८०।१०।०५ गते गठन भएको विद्यालय व्यवस्थापन समिति गठन गर्ने क्रममा अभिभावक भेलाको अध्यक्षता २ नं. वडा अध्यक्षले गर्नु भएकोमा अध्यक्ष बैठक समापन गरि बैठकमा अनुपस्थित रहेको समयमा विद्यालय व्यवस्थापन समिति गठन गरेको देखिएको हुँदा उक्त विद्यालय व्यवस्थापन समिति विघठन गरी १५ दिनभित्र नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्नको लागि पत्राचार गर्न शिक्षा, युवा तथा खेलकूद शाखालाई निर्देशन गर्ने ।

४. यस भगवतीमाई गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन गठन कार्यविधि निर्माण गर्न सामाजिक विकास समिति र विधेयक समितिलाई निर्देशन गर्ने ।

५. यस गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि २०७८ संशोधन भएको हुँदा मिति २०८०/०६/२६ गते कार्यालय सहयोगी पदपूर्ति सम्बन्धी विज्ञापन नं. ०५/२०८०/०८१ हुँदा उक्त विज्ञापन रद्ध गरि पुनः विज्ञापन गर्ने ।

६. भगवतीमाई गाउँपालिका असहाय एकल महिलालाई सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८१ माथि दफावार छलफल गरियो र उक्त कार्यविधि स्वीकृत गर्ने ।

७. भगवतीमाई गाउँपालिका लक्षित वर्ग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ माथि दफावार छलफल गरियो र उक्त कार्यविधि स्वीकृत गर्ने ।

८. भगवतीमाई गाउँपालिका मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि, २०८१ माथि दफावार छलफल गरियो र उक्त कार्यविधि स्वीकृत गर्ने ।

९. यस गाउँपालिका अन्तर्गत देहायका पदाधिकारी तथा प्रमुख प्रशासकीय अधिकृतलाई आवास सुविधा वापत तपसिल बमोजिम घरभाडा सम्झौताको आधारमा सुविधा उपलब्ध गराउँदै आएकोमा यस आर्थिक वर्षमा समेत निरन्तरता दिने र श्रोत अभावको कारण अन्य पदाधिकारी र कर्मचारीलाई घरभाडा सुविधा उपलब्ध नगराउने निर्णय गरियो।

| क्र.सं. | पदाधिकारी/कर्मचारीको नाम | मासिक रकम | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष ज्यूको आवास | ०।०० | |
| २ | उपाध्यक्ष ज्यूको आवास | ६०००।०० | |
| ३ | प्रमुख प्रशासकीय अधिकृतको आवास | १००००।०० | |

१०. कर्णाली प्रदेश सरकार सशर्त अनुदानतर्फ स्वीकृत श्री सरस्वती आ.वि. सिडारको विद्यालय पूर्वाधार निर्माण कार्यमा रकम अपुग हुने देखिएको हुँदा सामाजिक विकास कार्यालय दैलेखलाई थप बजेट व्यवस्था गरि आयोजना कार्यान्वयनमा समन्वय र सहजीकरणको लागि अनुरोध गर्ने ।

११. यस गाउँपालिकाको गत आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा तथा चालु आ.व. २०८१/०८२ को आयोजना तथा कार्यक्रम कार्यान्वयन अन्तरक्रिया गोष्ठी मिति २०८१ भदौ ५ र ६ गते गर्ने ।

१२. शिवमन्दिर अक्ष कोष स्थापनार्थ मिति २०८१/०४/११ देखि १८ गते सम्म महायज्ञको लागि रु. ५०,०००। आर्थिक सहायता भुक्तानी गर्ने ।

१३. यस गाउँ कार्यपालिकाको बैठक सञ्चालनको लागि गाउँ कार्यपालिका बैठक सञ्चालन नियमावली २०७४ बमोजिम देहाय अनुसार गर्ने:

क. विषयगत समिति वा शाखाले प्रस्ताव र निर्णयको व्यहोरा प्रमाणित प्रतिलिपि र सफ्ट कपि नियमित रुपमा गाउँ कार्यपालिका सचिवालयमा अध्यक्ष ज्यूको अनुमतिमा अनिवार्य दर्ता गर्ने गराउने व्यवस्था मिलाउने ।

ख. गाउँ कार्यपालिका सचिवालयले गाउँ कार्यपालिकाको बैठक बस्ने ३ दिन अगाडी दर्ता भएका प्रस्ताव मात्र गाउँ कार्यपालिका बैठकमा पेश गर्ने व्यवस्था मिलाउने र सोही बमोजिम अध्यक्ष ज्यूको आदेशमा गाउँ कार्यपालिका बैठक प्रमुख प्रशासकीय अधिकृतले बोलाउने ।

ग. गाउँ कार्यपालिकामा आकस्मिक प्रस्ताव बाहेक अन्य मौखिक आएका प्रस्तावलाई अर्को बैठकमा विधिवत रुपमा पेश गर्ने व्यवस्था मिलाउने ।

घ. बैठक सम्पन्न भएको अर्को दिन निर्णय सार्वजनिक गर्ने ।

**भिन्न मतको अभिलेख**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |